*नेपाल उद्योग वाणिज्य महासंघको ५३ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा उपाध्यक्ष श्री किशोर कुमार प्रधानबाट दिनु भएको धन्यवाद मन्तव्य ।*

**यस सभाका सभापति एवं महासंघका अध्यक्ष श्री भवानी राणाज्यू,**

**समुद्घाटन समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू,**

**माननीय मन्त्रीज्यूहरू,**

**सातै प्रदेशका मुख्य मन्त्रीज्यूहरु**

**माननीय सांसदज्यूहरू,**

**संवैधानिक अँगका प्रमुखज्यूहरू,**

**महासंघका निवर्तमान अध्यक्षज्यू,**

**पूर्व अध्यक्ष एवं विशिष्ट सदस्यज्यू,**

**पूर्व अध्यक्षज्यूहरू,**

**बरिष्ठ उपाध्यक्षज्यू एवं उपाध्यक्षज्यूहरु**

**नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीज्यूहरू,**

**प्रदेशका अध्यक्षज्यू एवं पदाधिकारीज्यूहरू,**

**वैदेशिक नियोग एवं अन्तर्राष्ट्रिय संघ/संस्थाका प्रतिनिधिज्यूहरू,**

**कार्यकारिणी समितिका सदस्यज्यूहरू, जिल्ला, वस्तुगत तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यू एवं प्रतिनिधिज्यूहरू,**

**एशोसिएट क्षेत्रका प्रतिनिधिज्यूहरू,**

**उद्योगी व्यवसायी मित्रहरू,**

**पत्रकार वन्धुहरू,**

**महिला तथा सज्जन बृन्द ।**

१. नेपाल उद्योग वाणिज्य महासंघको यस ५३[औं] वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७५ को समुद्घाटन समारोहमा धन्यवादज्ञापनको लागि उपस्थित भएको छु ।

२. धन्यवादज्ञापनको सिलसिलामा सर्वप्रथम यस समुद्घाटन समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू अतिव्यस्ताको बावजुद पनि यस ५[३औं] वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७५ को समुद्घाटन एवं सभालाई अत्यन्त महत्वका साथ सम्बोधन गर्नु भएकोमा नेपाल उद्योग वाणिज्य महासंघ एवं मुलुकभरका सम्पूर्ण उद्यमी व्यवसायीहरूको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

३. सम्माननीय प्रधानमन्त्रीज्यूको सारगर्भित सम्बोधनमा देशमा अनुकूल औद्योगिक व्यवसायिक प्रवर्द्धनको लागि सरकारबाट लिएका नीतिका साथै निजी क्षेत्रलाई दिएको महत्वबारे व्यक्त धारणा एवं प्रतिवद्धताबाट हामी सम्पूर्ण उद्यमी व्यवसायीहरुलाई थप उत्साहका साथ प्रेरणा मिलेको यहां प्रस्तुत गर्न चाहान्छु ।

४. यसैगरी आजको यस समुद्घाटन समारोहमा उपस्थित हुनु भई समारोहको गरिमा एवं शोभा बढाई दिनु भएकोमा माननीय मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू, राजनैतिक दलका व्यक्तित्वहरू संवैधानिक अङ्गका प्रमुखज्यूहरू, महासंघका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारीज्यूहरू, नेपाल सरकारका सचिवज्यूहरू, उच्चपदस्थ अधिकतृज्यूहरू, महामहिम राजदूतज्यूहरू, कुटनीतिक नियोगका पदाधिकारीज्यूहरू, कार्यकारिणी समितिका सदस्यज्यूहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरू, देशभरबाट महासंघको यस ५३[औं] वार्षिक साधारण सभामा भाग लिन आउनु भएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यू एवं प्रतिनिधिज्यूहरु, एशोसिएट क्षेत्रका प्रतिनिधिज्यूहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै सम्पूर्ण संचारकर्मी मित्रहरुमा पनि धन्यवादज्ञापन गर्दछु ।

५. उद्योग वाणिज्य दिवस–२०७५ को अवसरमा आज कदर सम्मान पाउनु भएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्ष एवं पदाधिकारीज्यूहरुमा हार्दिक बधाई ज्ञापन गर्दछु । यस कार्यमा सहयोग पुऱ्याउनु हुने बरिष्ठ

उपाध्यक्ष श्री शेखर गोल्छा, उपाध्यक्ष श्री उमेश लाल श्रेष्ठ, महासंघका पूर्व परामर्शदाता श्री गोविन्द देव पाण्डे र पूर्व सचिव श्री हरिहर सुवेदी प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । यस किसिमको कदर सम्मानबाट आउंदा दिनहरुमा आ–आफ्नो क्षेत्रमा थप उत्साह तथा प्रोत्साहित भई कार्य गर्न थप प्रेरणा मिल्ने विश्वास लिएको छु ।

६. महासंघको संस्थागत विकास एवं संजाल विस्तार गरी महासंघलाई बलियो पहिचान गराउनमा महत्वपूर्ण योगदान पुर्‍याए वापत आज सम्मानित हुनु भएका आदरणीय पूर्व अध्यक्ष एवं सल्लाहकार समितिका सभापति श्री महेशलाल प्रधानज्यू, पूर्व अध्यक्ष एवं विशिष्ट सदस्य एवं सार्क उद्योग वाणिज्य संघ (नेपाल) का उपाध्यक्ष श्री चण्डिराज ढकालज्यू प्रति हार्दिक कआभार व्यक्त गर्दै बधाईज्ञापन गर्दछु ।

७. यसै गरी उद्योग वाणिज्य संघ नवलपरासीको भवन निर्माणको कार्यमा ठूलो रकम सहयोग गरी महत्वपूर्ण योगदान गर्नुभएका सुनवल नगरपालिकाका मेयर तथा उद्योग वाणिज्य संघ नवलपरासीका निवर्तमान अध्यक्ष श्री भीम बहादुर थापा (भरत) सम्मानित हुनु भएकोमा बधाईज्ञापन गर्दछु ।

८. विभिन्न आर्थिक विषयवस्तुहरु बारे उजागर गरी नेपालको समग्र निजी क्षेत्रलाई योगदान पुऱ्याए वापत सम्मानित भएका नेपाल आर्थिक पत्रकार समाज (SEJON) लाई बधाईज्ञापन गर्दछु ।

९. अहिले देशले राजनैतिक स्थिरताका साथ दुई तिहाईको स्थायी सरकार पाएको छ । स्थायी सरकारबाट जनताले विकासका लागि धेरै आकांक्षा तथा आशा गरेका छन् । देशमा संविधान निर्माण भईसकेको छ । यसैगरी देशमा

शान्ति कायम भईसकेको छ । अहिले देशको एउटै एजेण्डाका साथ प्राथमिकताका विषय देशमा समृद्धि कायम गर्ने हो ।

१०. यस परिपेक्षमा सरकारको नारा “समृद्ध नेपाल सुखी नेपाली” अत्यन्त सामयिक एवं प्रशंसनीय रहेको हामीले महसुस गरेका छौं । यसै अनुसार निजी क्षेत्र देशमा समृद्धि कायम गर्न भरमज्दुर मेहनतका साथ लागि परेका छौं । उद्योग व्यवसाय क्षेत्रमा लगानी बढाई देशमा औद्योगिक एवं व्यवसायिक क्षेत्रको विकास द्रुततर गतिले बढाउन चाहेका छौं ।

११. नेपाल लगानीको लागि धेरै संभाव्य भएको देश पक्कै पनि हो । नेपालमा अपार जनशक्ति प्रचुर मात्रामा रहेको छ, जैविक विविधता उत्तिकै रहेको छ भने पर्यटन जस्ता सेवामूलक उद्योगको विकास गर्न सकिने पनि प्रशस्त संभावना रहेको छ । संभावना एवं अवसरका साथसाथै चुनौती पनि प्रशस्त रहेको छ । औद्योगिक व्यवसायिक क्षेत्रमा अहिलेको चुनौतीको मुख्य विषयवस्तु उत्पादित वस्तुको लागत मुल्य अत्याधिक मात्रामा वृद्धि हुनु हो । जग्गा प्राप्तिमा समस्याका साथै अत्याधिक मात्रामा वृद्धि हुन गएको जग्गाको मुल्य, पूर्वाधारको अभाव,

उत्पादकत्वमा कमी, तरलताको अभाव जस्ता कारणहरुबाट उद्योग व्यवसाय क्षेत्रको लागत मुल्य वृद्धि भई प्रतिस्पर्धात्मक क्षमता वृद्धि नभएका स्थिति विद्यमान रहेको छ ।

१२. देशको अर्थतन्त्र आयातमुखी अर्थतन्त्र तर्फ उन्मुख हुदै गएको सवैले महसुस गरेको छ । विकासको गतिसंगै आयात बढ्दै जानु स्वभाविकै हो । तर अहिलेको स्थितिमा देशको निर्यात अत्यन्त कमजोर स्थितिमा रहेको छ । यस वर्षको अहिलेसम्मको तथ्यांकलाई केलाउंदा निर्यातको दांजोमा आयात १६ गुणाले बढिरहेको छ । १५५ मुलुकसंगको व्यापारमा देशले घाटा व्यहोर्नु पर्ने व्यवस्था विद्यमान रहेको छ ।

१३. यस स्थितिमा निकासीयोग्य वस्तुहरुको उत्पादन बढाई निकासी प्रवर्द्धनलाई प्राथमकताका साथ अगाडी बढाउनु पर्दछ । विकास तथा समृद्धिको मूल आधार नै लगानी प्रवर्द्धन गरी देशमा रोजागरी अभिवृद्धि गर्नु हो ।

१४. भर्खरै सम्पन्न लगानी सम्मेलनमा विभिन्न १५ वटा परियोजनामा सम्झौता भएको छ । सम्मेलनमा निजी क्षेत्रले महत्वपूर्ण भूमिका निभाएको छ । राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर विदेशी लगानी ल्याउनु पर्दछ । अहिलेको

विदेशी लगानीको स्थिति संतोषजनक रुपमा अगाडी बढ्न सकेको देखिदैन ।

१५. शुरुदेखि अहिलेसम्म जम्मा २ खर्व ८० अर्वको मात्र विदेशी लगानी आउन सकेको छ । यस्तो लगानीबाट २ लाख ५२ हजार व्यक्तिलाई रोजगारी प्रदान गरिएको छ । देशमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्न उद्योग व्यवसायसंग सम्बन्धित ऐन नियम नीतिहरुको निरन्तरता र स्थायित्व हुनु पर्दछ । उद्योग व्यवसाय क्षेत्रले भोग्नु परेका व्यवहारिक समस्याहरुको विश्लेषण गरी समाधान गर्ने तर्फ सरकार अग्रसरता हुनु पर्दछ । एकद्वार प्रणालीले लगानीकर्ताहरुलाई सहज तथा सरल तरिकाबाट सेवाहरु उपलब्ध गराई संकारात्मक तवरले संचालन हुन पर्दछ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन आईसकेको छ। तर लगानी तथा उद्योगसंग सम्बन्धित औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन, बौद्धिक सम्पत्ति ऐन लगायतका ऐनहरु पनि संशोधन गरी खुल्ला बजारको अवधारणा अनुसार यथाशीघ्र ल्याउनु पर्ने तर्फ पनि सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षित गर्न चाहान्छु ।

१६. विगत वर्षहरुमा लामो समयसम्म भएको राजनीतिक अस्थिरता, बन्द हड्ताल, उर्जा संकट, श्रम समस्या, कार्यशील पूंजीको अभाव, बैंकिङ्ग क्षेत्रबाट भएका गतिविधि लगायतका विभिन्न कारणहरुले गर्दा कतिपय उद्योगहरु रुग्ण भएका  छन् । यी उद्योगहरुबाट रोजगारीको अवसर पाएका लाखौंको रोजगारीको गुमेको अवस्था छ । रुग्ण उद्योगहरुको पुनःस्थापनाको लागि आवश्यक व्यवस्था हुनुपर्ने तर्फ सम्मानीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षित गर्न चाहान्छु । यस्ता उद्योगहरुको पुनःस्थापना भएमा देशमा लगानी एवं लाखौंलाई रोजगारी अवसर सिर्जना हुनुका साथै निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्न जाने छ ।

१७. कूल जनसंख्याको करिव ६१ प्रतिशत जनसंख्या आवद्ध भएको कृषि क्षेत्र समृद्धिको मूल आधार हो । क्वारेन्टाइन तथा ल्याव टेष्ट जस्ता विभिन्न कारणहरुबाट कृषिजन्य वस्तुहरुको लागत मुल्य वृद्धि भई प्रतिर्स्धात्मक क्षमतामा ह्रास आएको छ । कृषिजन्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न यस्ता समस्याहरुको समाधान तर्फ सरकारको ध्यान जानु पर्दछ ।

१८. संक्षेपमा भन्नु पर्दा देशमा लगानी प्रवर्द्धन गर्न सरकारको भूमिका अत्यन्त महत्वपूर्ण हुने र यसको लागि यस शक्तिशाली स्थिर सरकारसंग हामी निजी क्षेत्रको माग केवल यति मात्र छ कि देशमा अनुकूल औद्योगिक व्यवसायिक तथा लगानीको वातावरण निर्माण होस् । प्रशासनिक प्रकृयामा सुधार होस्, मन्त्रालय मन्त्रालय वीच समन्वयात्मक तरिकाबाट सरल तथा सुलभ रुपमा कार्य सम्पन्न गर्न सक्ने वातवारण निर्माण होस् । यस किसिमले निजी क्षेत्रको मनोबल उच्च किसिमले बढाउने गरी कार्य भएमा हामी निजी क्षेत्रले देशको अर्थतन्त्रमा हाल योगदान पुऱ्याईरहेको दुई तिहाई भन्दा बढी योगदान पुऱ्याउन सकि देश समृद्धिको मार्गतर्फ अग्रसर हुदै जानेमा हाम्रो विश्वास रहेको छ ।

१९. राष्ट्रिय अर्थतन्त्रको विकासमा निजी क्षेत्रको महत्व तथा भूमिका कतिसम्म रहेको छ भन्ने हामी सवैले बुझेका छौं । यसरी अर्थतन्त्रको संवाहकको रुपमा रहेको निजी क्षेत्र फुटेर होइन एकै स्वर एकै आवाज एकै ढिका भई संगठित भई आर्थिक विकासको अभियानमा लाग्नु पर्ने मेरो मान्यता रहेको छ ।

२०. राज्यको संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार गठन भएको छ । घर घरमा सरकारको उपस्थिति भन्ने नारा पनि सुन्दै आएका छौं । आर्थिक समृद्धिको आधारमा नै देशका सवै तह तप्कामा रोजगारी सृर्जना गरी “समृद्ध नेपाल सुखी नेपाली” भन्ने सरकारको नारालाई पूरा गर्न घर घरमा रोजगारी सिर्जना गरी स्थानीय तथा तल्लो तहदेखि नै कार्य गरी आर्थिक समृद्धि हुने किसिमको विकासको कार्य थालनी गर्नुपर्ने महासंघको धारणा रहेको छ ।

२१. धन्यवादज्ञापनको क्रममा होटल याक एण्ड यतिका साथै यस उद्घाटन कार्यक्रमको व्यवस्थापन गरेकोमा साथै महासंघको प्रमुख गतिविधि तथा क्रियाकलाप बारे प्रस्तुतीकरण गरी कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएकोमा मेनेजमेन्ट टिम B Clock लाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

२२. अन्तमा ५३औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७५ लाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने महासंघका सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद दिंन चाहान्छु । साथै महासंघको सेवामा २५

वर्षदेखि अनवरत रुपमा सेवा पुऱ्याई आज सम्मान हुनु भएका कर्मचारीलाई हार्दिक बधाईज्ञापन गर्दछु ।

धन्यवाद,

चैत्र २८, २०७५, काठमाडौं ।